नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
prateekdaily.com




Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ कात्तिक ०१ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 18 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५६

## चिनीको मूल्यमा अचाक्ली वृद्धि, तस्करी मौलायो, आयातकर्ताको चिनी गोदाममैं थन्कियो

राधेश्याम पटेल, वीरगंज, १ कात्तिक/

माग अनुसार बजारमा चिनी आपूर्ति नहुँदा चिनीको दाममा अचाक्ली वृद्धि भएको छ । दशैं, तिहार, छठको अवसरमा बजारमा चिनीको माग अत्यधिक रहेको तर सरकारी निकाय चिनी आपूर्तिमा खासै गम्भीर नरहेकोले बजारमा महँगी बढेको उपभोक्ताहरूको गुनासो छ ।


भारतबाट साइकलमा तस्करी गरी ल्याएको चिनी वीरगंजको एउटा झोपडीनजीक । तस्वीरः प्रतीक

दशैं अघिको दाममा किलोमा ५ रुपियाँ भाउ बढेको छ । अहिले पर्सा बाराको ग्रामीण भेगमा प्रतिकिलो ९० रुपियाँमा चिनी पाइन्छ भने वीरगंजको बजारमा खुद्रा दर ८५ छ । दुई साता अघि थोकमा ७८ रुपियाँ मा पाउने चिनी अहिले प्रतिकिलो रु ८० देखि ८२ सम्ममा खरीद-बिक्री भइरहेको व्यवसायीहरूको भनाइ छ ।

पोहोर साल्ट ट्रेडिङले सरकारसँग स्वीकृति लिएर दशैं अघि २० हजार टन चिनी मगाउँदा बजारमा ७६ देखि ८० मा चिनी बिक्री वितरण भई महँगी नियन्त्रणमा सहयोग पुगेको थियो । यसपालि साल्ट ट्रेडिङले ५० हजार टन चिनी आयात गर्ने प्रस्ताव गर्दा सरकारले स्वीकृति नदिएको साल्ट ट्रेडिङ लिमिटेडका वीरगंज क्षेत्रीय प्रमुख अमोज लामिछानेले बताए । गत असारदेखि वीरगंजस्थित साल्ट ट्रेडिङको गोदाममा एक बोरा पनि चिनी छैन । सरकारी तथ्याङ्क अनुसार देशमा अढाई लाख टन चिनी खपत हुने गरेकोमा गत आवमा करीब १ लाख ८० हजार टन चिनी स्वदेशी चिनी उद्योगबाट उत्पादन भएको र बाँकी निजी क्षेत्रले भारतबाट आयात गरी माग पूरा गरेको इन्दुशेखर चिनी मिल प्रालिका सञ्चालक राजेश केडियाले बताए ।

इन्दुशङ्करले गत वर्ष उत्पादन गरेको सबै चिनी बिक्री भइसकेको छ । गत आवमा ८० हजार टन चिनी उत्पादन भयो र बितेको साउनसम्म सबै चिनी बिक्री पनि भइसक्यो । “दुई महीनादेखि हाम्रो स्टक सकिएको छ, बजारमा चिनीको ठूलो माग छ, कैयौं चिनी उद्योगले भारतबाट चिनी आयात गरी ट्रेडिङ-बिजनेस शुरू गरेका छन्”–उनले भने–“तीनवटा चिनी उद्योग बन्द भइसके, उखु उत्पादन पनि बर्सेनि घट्दै गइरहेको छ, त्यस कारण चिनी कम उत्पादन भइरहेको छ ।”

भारतबाट चिनी आयात गरी सबैभन्दा बढी काठमाडौंको व्यवसायी, त्यसपछि वीरगंज र विराटनगर तथा भैरहवाका व्यवसायीले चिनी आयात गरी बजारको माग धान्ने गरेका छन् । वीरगंज करिडरमा बारा, श्रीपुरमा सञ्चालित रिलायन्स सुगर मिल्सका सञ्चालक राजकुमार अग्रवाल (राजु गाडिया)ले पनि चिनी आयात गरी बिक्री गरिरहेका छन् भने शाह व्यापारिक घराना र रूँगटा समूहको जगदम्बा ट्रेडिङ प्रालिले पनि चिनी आयात गरिरहेको छ । भारतबाट चिनी आयात गरी बिक्री गर्ने एक व्यवसायीले नेपाली आयातकर्ताले भारु २८ देखि ३२ रुपियाँमा भारतबाट चिनी खरीद गरिरहेको बताए । ३० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत भ्याट, ढुवानी खर्च गरी भारतबाट आयात गरेको चिनी प्रतिकिलो ७६ रुपियाँ पर्छ । व्यवसायीले किलोमा ६ रुपियाँ थपेर, अर्थात ८२ रुपियाँमा बिक्री गर्न खोज्दा पनि बिक्री नहुने उनले गुनासो गरे । “कोरोना महामारी कम हुँदै गएपछि खुला बोर्डरको कारण दैनिक हजारौं टन चिनी भारतबाट नेपाल आइरहेको छ”–एकजना आयातकर्ताले भने–“ब्लेकको चिनी प्रतिकिलो ८० रुपियाँमा पाइन्छ भने थोक बिक्रेताले किन ८२ रुपियाँमा किन्छ ?”

### यसरी हुँदैछ चिनी तस्करी

चाडपर्वको बेला लत्ताकपडा, ड्राइफूड्स र चकलेट, रजनीगन्धासँगै चिनीको तस्करी बढेको देखिन्छ । वीरगंज भन्सार मुख्य नाका भएर साइकल, अटो र पैदल पोके तस्करले चिनी तस्करी गरिरहेको भेटिन्छ । पर्साको ग्रामीण तथा छोटी भन्सार नाका भएर पनि चिनीको तस्करी भइरहेको प्रत्यक्षदर्शीहरूले बताएका छन् । भन्सार, छोटी भन्सार र ग्रामीण नाकाबाट पर्वको बहानामा सुरक्षाकर्मीलाई खेपको २० रुपियाँदेखि ५० सम्म नजराना दिएर चिनी तस्करहरू सक्रिय भएको स्रोतको भनाइ छ ।

पर्साको वीरगंज, छपकैया, श्रीसिया, सिवानटोला, अमरपट्टि, परसौनीभाठा, धोरे, सबैठवा, भिस्वा, जानकीटोला, पाँडेपुर, ठोरी नाका भएर चिनीको व्यापक तस्करी भइरहेको छ । रक्सौलमा भारु ४२ पर्ने चिनी ५० किलोको बोरा ३३ सय ६३ मा साइकलमा उठाइन्छ । ३० किलो पछाडि र २० किलो अगाडि ह्यान्डलमा झुन्डाई घर खर्चको लागि भनेर चिनी आउँछ । एउटा ठूलो तस्करले ६ देखि सयजना क्यारियर राखेर चिनीको तस्करी गरिरहेको बाराका एकजना चिनी तस्कर बताउँछन् । उनका अनुसार वीरगंज तथा पर्साको मुख्य बजार बाराको परवानीपुर, कलैया, परसौनी, जितपुर, सिमरा, सिम्रौनगढ, महागढीमाईलगायत बजारमा पनि तस्करीकै चिनी गइरहेको बताइन्छ । त्यसैगरी तस्कर गिरोहका अनुसार वीरगंजबाट दूरीको हिसाबमा जति उत्तर चिनी पुग्दै जान्छ, किलोमा चिनीको दाम बढ्दै जान्छ । कतिपय तस्कर तस्करीको चिनी ल्याएर हेटौंडा, पोखरा, चितवन र काठमाडौंसम्म विभिन्न गाडीमा पठाउने गर्छन् ।

## पोखरिया अस्पतालमा जनशक्तिको अभाव कायमै

प्रस, पोखरिया, ३१ असोज/

पर्साको ग्रामीण भेगमा रहेको एकमात्र पोखरिया अस्पतालमा दिनहुँ गर्भवती महिलाहरू प्रसूति गराउन आउँछन् तर अस्पतालमा जनशक्तिको अभाव भएपछि अहिले दलाल र बिचौलियाहरूको बिगबिगी बढेको छ ।



तस्वीरः फाइल

अस्पतालमा दक्ष जनशक्ति नभएपछि प्रसूति गराउन आउने गर्भवती महिलाहरू वीरगंज जाने गर्छन् । गर्भवती महिलालाई वीरगंजमा उपचार गराउन जान एम्बुलेन्स चालकहरूले रु एक हजार भाडा लिने गरेका छन् । एम्बुलेन्स चालकहरूले पनि कमिशन पाउने लोभमा बिरामीले भनेको अस्पताल अथवा नारायणी अस्पतालमा नलगी अन्य अस्पतालमा लैजाने गरेका छन् ।

प्रदेश २ ले १५ शय्याको आइसियू सञ्चालन गर्ने उपकरणहरू हस्तान्तरण गरे पनि आवश्यक जनशक्ति नपठाएपछि उपकरणहरू अस्पतालमैं थन्किएका छन् ।

त्यस्तै, प्रदेश सरकारले पोखरिया अस्पताललाई ५० शय्याको अस्पताल बनाउने घोषणा गरे पनि जनप्रतिनिधिले बेवास्ता गरिरहेका छन् । अस्पताल सुधारको लागि लोकतान्त्रिक समाजवादी पार्टीका नेता निजामुद्दीन समानीले पटक-पटक प्रेस विज्ञप्ति जारी गरी प्रदेश सरकार र स्थानीय पालिकालाई घचघच्याउँदै आएका छन् ।

## रक्सौलमा एकतर्फीरूपमा सडक सञ्चालन

राजेश केशरीवाल, रक्सौल, ३१ असोज/

बिहार रक्सौलमा मुख्य सडक निर्माण हुन लाग्दा जामबाट बच्नका लागि पूर्वी चम्पारणका जिला दण्डाधिकारी (डिएम) कपिलशीर्षत अशोकको निर्देशानुसार सडक डिसेम्बरसम्म एकतर्फीरूपमा सञ्चालन गर्ने निर्णय भएको छ ।


रक्सौल मुख्यसडकमा जामको स्थिति । तस्वीरः फाइल

रक्सौलमा निर्माणाधीन मुख्य सडकका कारणमा शहरमा जाम लाग्ने गरेको छ । यस परिस्थितिबाट बच्नका लागि रक्सौलको

(बाँकी अन्तिम पातामा)

## पर्साबाट लोप भएको सनपाटको खेती पुनः शुरू

ओमप्रकाश चौधरी, सेढवा, ३१ असोज/

वर्षौंदेखि हराएको परम्परागत सनपाट (चेचर पटुवा) खेती अहिले पर्साको जीराभवानी गाउँपालिका-४ भवानीपुरमा शुरू गरिएको छ ।

स्थानीय किसानाथ मण्डलले आफ्नै प्रयोजनका लागि यसको खेती शुरू गरेका हुन् । उनले आफ्नो पुर्खौली सनपाटखेती १५ वर्षपछि शुरू गरेको बताए ।

गाई, भैंसी, बाख्रा बाँध्नका लागि नाथ पगहा तथा अन्य घरेलु प्रयोजनका लागि सनपाटबाट डोरी बनाइन्छ । प्लास्टिकको डोरीले सनपाटलाई विस्थापित गरेपछि पर्सा जिल्लामा सनपाटखेती लोप भएको थियो ।

जीराभवानी गापामा गाईवस्तु पाल्ने परम्परा कम हुँदै गए पनि केहीले गाईवस्तु पाल्ने गर्छन् ।

घरमा प्रयोग हुने गुन्द्रीको डोरी, सिकहर, चटकीसमेत यसबाट निर्माण गरिन्छ । खासगरी तिहारको समयमा गाईवस्तुको डोरी परिवर्तन गरी नयाँ डोरी लगाउने चलन रहेकाले विगतमा यसबाट राम्रै आम्दानी हुने गरेको मण्डलले बताए । धेरै पहिलादेखि सनपाटको खेती गर्ने सोच राखे पनि बीउ नपाएका कारण खेती गर्न नसकिएको मण्डलले बताए ।


सडक किनारमा सुकाउन राखिएको सनपाट । तस्वीरः प्रतीक

यसपटक भारतबाट सनपाटको बीउ ल्याएर खेती गरेको उनले बताए । यसको हाँगा कटानी गरी १०/१५ दिन पानीमा कुहाएर सनपाट उत्पादन गर्ने उनले बताए ।

## प्रभात काव्य-यात्रामा कविता वाचन

प्रस, वीरगंज, ३१ असोज/

वीरगंजमा प्रभात काव्य-यात्रा सम्पन्न भएको छ । २६ औं वर्षको तेस्रो चरण अन्तर्गत असोज महीनाको अन्तिम शनिवार प्रतीक परिसरमा आयोजित कार्यक्रममा दशैं, तिहार, छठ पर्वको शुभकामना आदानप्रदानसँगै स्रष्टा तथा साहित्यकारहरूले नेपाली, भोजपुरी, हिन्दी भाषामा कविता तथा गीतवाचन गरेका थिए । कार्यक्रममा पत्रकार जगदीशप्रसाद शर्मा, साहित्यकार उमाशङ्कर द्विवेदी, कविहरू रितेश त्रिपाठी, अशोक कुशवाहा, प्रिया मिश्र, अजमत अलीलगायतको सहभागिता थियो ।


तस्वीरः प्रतीक

लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार र सूक्तिहरू

**यो जिन्दगीको दौड गजबको छ, जीतमा आफ्ना पछि छुट्छन् र हारमा आफ्नाले पछि छाडिदिन्छन्।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# खोपले बढाएको मनोबल

**नेपालमात्र के, विश्वबाटै कोरोना हराइसकेको छैन। तर कोरोना सङ्क्रमण सर्नबाट रोक्ने, अझ सही शब्द प्रयोग गर्दा, सङ्क्रमण भएर भाइरस शरीरमा प्रवेश गर्दा त्यससँग सामना गर्न सक्ने इम्युन पावर (रोग प्रतिरोधात्मक शक्ति) बढाउने खोपको उत्पादन हुनु र धेरथोर विश्वभरिका सबै देशमा जनतासम्म पहुँच हुनुले मानिसको मनोबल बढेको छ। विश्वका सबै धनीभन्दा धनी मुलुकका पनि, सबै नागरिकलाई खोप लगाइसकिएको छैन। नेपालमा त त्यो खोपको प्रतिशत २५ पनि नाघेको छैन। गरीब कहलिनमा गर्व महसूस गर्ने नेपालका सरकारहरूसँग सबै नागरिकलाई पुग्ने खोप खरीद गर्ने क्षमता कहाँबाट आओस् ? तर दान–दातव्य, केही नगदमा भए पनि खरीद गरेर थोरै प्रतिशतलाई खोप लगाएको भए पनि यसले ठूलो काम गरेको छ। कम्तिमा कोरोनाको त्रास हटाएको छ। यसको अर्थ यो होइन कि रोग हराएर त्रास हटेको होस्। सङ्क्रमण अहिले पनि भइरहेको छ, मानिस अहिले पनि अस्पताल भर्ना भइरहेका छन्, हिजो–अस्तिभन्दा थोरै परिमाणमा। विद्वज्जनले भनेकै छन्– शरीरको रोगभन्दा मनको रोग ठूलो हुन्छ। मन निरोगी मानिसलाई हतपति शारीरिक रोगले छुँदैन।**

**दशैं बित्नै लागेको छ। देशमा दशैं घटस्थापना, एकमदेखि शरद् शुक्लपक्षको पूर्णिमासम्म, १५ दिन दशैंको रमझम हुन्छ। यो अलग कुरा हो एकथरीका लागि घटस्थापनादेखि नवमीसँग दशैं विशेष हुन्छ भने अर्कोथरीले अष्टमीदेखि पूर्णिमासम्म धुमधाम गर्छ। खासमा सबैथरी हिन्दूले घटस्थापनादेखि पूर्णिमासम्म दशैं मनाउँछन्। विशेष पूजापाठ, नौलो पहिरन, मीठो परिकार, कसैले मिठाई भने कसैले माछा–मासुका साथ रमाइलो मनाउँछन्। यी दिनमा ईश्वरानुरागीहरू विशेष श्रद्धा प्रकट गर्छन्। पहिले–पहिले सरकारले नै खुलेर दशैं मनाउँथ्यो, अहिले अलि खुम्चेर, किनभने देश धर्मनिरपेक्ष बनिसकेको छ। सरकार सबै धर्मप्रति सहिष्णु बन्नुपर्ने हुनाले दशैं छोटचाएर, सामान्य प्रक्रिया अँगालेर मनाउँछ। त्यसैले यस पर्वलाई राष्ट्रिय पर्व नै भनियो। खासमा नेपाल तन्त्रशक्तिमा विश्वास गर्ने हुनाले तन्त्रकी अधिष्ठात्री देवी भगवतीको विभिन्न रूपको यस अवसरमा प्रतिष्ठापन गरी पूजा गरिन्छ। देवी भगवतीको नौवटा रूपको परिकल्पना गरेर घटस्थापनादेखि नवमीसम्म पूजापाठमा बित्छ र दशैंदेखि पूर्णिमासम्म आफन्तजन, इष्टमित्र, छरछिमेकसँग भेटघाट, ठूलाबडासँग आशीर्वाद लिंदै दशैं समापन गरिन्छ।**

**पहिले सरकारले नै पन्ध्र दिनको बिदा दिन्थ्यो। अब मानिसको भौतिक आवश्यकता बढ्दै गएको र नागरिकको सरकारी सेवाको आग्रह बढ्दै गएको हुँदा सप्तमीदेखि दशमीको टीकासम्म सरकारी बिदा हुन्छ। तर धर्मभिरु मानिस भने सेवाको आग्रहभन्दा धर्म र परम्पराप्रति आसक्त हुने हुँदा सही सेवा प्रवाह यी पन्ध्र दिनमा प्रायः हुँदैन। यस्तो महत्त्वको यो चाड पोहोर कोरोनाको धङधडीले खल्लो भएको थियो। पूजापाठ त भएको थियो तर मन्दिर, देवालयहरू बन्द थिए। मन्दिर नै बन्द भएपछि चहलपहलमा कमी आउने नै भयो, त्यसमा पनि हाहाकारी कोरोनाको त्रास। जो जहाँ थियो, त्यहीं दशैं मनायो। आजको अवसर फरक छ। खोप र सङ्क्रमण दरमा कमीले यसपालि भने दशैं, दशैंजस्तो भयो, महँगीले पनि दशैंलाई तर्साउन सकेन।**

# के जिडिपी वृद्धि देश विकासको सूचक हो

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**सम्पत्ति र संसाधन केही मानिसको हातमा सीमित छ र बहुसङ्ख्यक आबादीको सीमान्तीकरण भइरहेको छ। जिडिपी वृद्धि दरलाई असमानता घटाउनसँग कुनै सरोकार छैन। निष्कर्षतः के भन्न सकिन्छ भने जिडिपी वृद्धि विकासको सम्पूर्ण द्योतक होइन तर विकासको लागि जिडिपी वृद्धि आवश्यक भने छ।**

नेपालको ७९.४२८ जनसङ्ख्या आज पनि गाउँमा नै बस्छ। यस कारण नेपालको आत्मा गाउँमैं बस्छ भन्न सकिन्छ। यसर्थ देशको सम्पूर्ण विकासको कुरा गर्दा गाउँलाई प्राथमिकता दिनैपर्छ। सरल र सबैले बुझ्नेगरी भन्ने हो भने आत्मनिर्भर र शहरी सुविधाले सम्पन्न गाउँको उपस्थिति नै सम्पूर्ण विकासको द्योतक हुन सक्छ। यससँगै सदरमुकाममा देखा पर्ने मध्यम वर्गको मूलभूत आवश्यकता पूर्ति पनि विकसित नेपालको एउटा प्रमुख कार्यभार हुनुपर्छ। कोरोना कालमा जहाँ विश्वको जिडिपीमा गिरावट आएको छ त्यहीं चीनको जिडिपी अप्रत्याशितरूपले बढेको छ। हाल नेपालको जिडिपीमा केही सुधार हुने सङ्केत देखिएको छ। यहींनिर के प्रश्न उठ्छ भने भविष्यमा हुने अपेक्षित वृद्धिले के सम्पूर्ण नेपालको विकासलाई बयान गर्छ वा यसबाट केही सीमित मान्छेहरूलाई मात्र फाइदा हुन्छ ?

एउटा सर्वेक्षणले के देखाएको छ भने हाम्रो देशमा सबैभन्दा बढी धनी व्यक्तिहरूमा पहिलो स्थान विनोद चौधरी, दोस्रो शेष घले र तेस्रो जमुना गुरुङ रहेकी छिन् भने तस्वीरको अर्को पाटोले देशको १७.४ प्रतिशत जनसङ्ख्या गरीबीको रेखामुनि आफ्नो जीवनयापन गरिरहेको छ। ४३ प्रतिशत जनसङ्ख्या कुपोषणबाट पीडित छ र ३६.०६ प्रतिशत अहिले पनि निरक्षर छ। त्यसमा पनि महिला निरक्षर दर ६७.८ प्रतिशत छ। के यस स्थितिलाई देशको विकास भइरहेको भन्न मिल्छ ? वास्तवमा सम्पूर्ण विकासको अर्थ व्यापक हुन्छ। अर्थात् प्रतिव्यक्ति आयमा वृद्धि, जिडिपीमा वृद्धि, मानव विकास सूचकाङ्क र क्रय शक्तिमा वृद्धि, शेयर बाजारमा वृद्धि आदिले एउटा पक्षलाई मात्र दर्शाउँछ। तर धेरै मानिसको दृष्टिमा जिडिपीमा वृद्धि र मानव विकास सूचकाङ्क धेरै हदसम्म एउटा एकाइको रूपमा देश विकासलाई तुलनात्मकरूपमा प्रस्तुत गर्ने सूचक हुन सक्छ।

यदि विकास सही अर्थमा र वास्तविकरूपमा भइरहेको छ भने त्यो स्वतः भुइँ–सतहमा देखा पर्दछ। यसको लागि जिडिपीमा वृद्धिजस्तो तथ्याङ्कलाई प्रस्तुत गर्नुको कुनै औचित्य हुँदैन किनभने प्रायः के देखिएको छ भने जिडिपी वृद्धि भएको देखाएर देश अघि बढिरहेको देखाइने चलन छ। सत्य त के हो भने जिडिपी वृद्धि विकासको सूचक हो भन्नु सही होइन। जिडिपीबाट कुन वर्गलाई फाइदा भएको छ, यसबाट कुन हदसम्म सामाजिक र आर्थिक परिवर्तन भएको छ, मानव सूचकाङ्कमा कति वृद्धि भएको छ र सर्वाङ्गीणरूपमा देश कति आत्मनिर्भर हुन सकेको छ भन्ने कुरामाथि गहन अध्ययन गर्दा के प्रस्ट हुन्छ भने जिडिपी वृद्धि देशको सम्पूर्ण विकासको सूचक होइन। जब कुल घरेलु उत्पादनको आकार नहेरी आम मानिसको जीवनयापनको स्तरलाई हेरिन्छ भने देशको स्थिति केही विपरीत देखा पर्छ। सामाजिक स्तरलाई राम्रो नबनाई हामी कसरी विकास भएको दाबी गर्न सक्छौं ? यसैगरी यदि प्रतिव्यक्ति आय वा राष्ट्रिय आयलाई विकासको एउटा आधार मान्ने हो भने खाडी देशहरूको अर्थ व्यवस्थामा किन विरोधाभास देखा पर्छ, जो मानवीयरूपमा तल्लो स्तरको राष्ट्रमा गन्ती गरिन्छ।

हाम्रो देश वि. सं. २०६३ सालदेखि हिन्दू राष्ट्रबाट धर्मनिरपेक्ष र राजतन्त्रबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि गरीबीमाथि हालसम्म नियन्त्रण हुन सकेको छैन। पर्याप्त साधन–स्रोतका बावजूद गरीबीमुक्त नेपालको सपना अहिले पनि सपना नै छ। गरीबीमा पनि क्षेत्रीय विषमता छ। बेरोजगारी पनि गरीबी जस्तै देशका विभिन्न मानिसमा विद्यमान छ। जिडिपी वृद्धि दरमा पनि प्रदेशपिच्छे असमानता छ। जुन प्रदेशले जिडिपीमा बढी योगदान दिएको छ त्यहाँ अपेक्षित रूपमा सडक, स्वास्थ्य, शिक्षा, बिजुली, पानी आदिको सुविधा राम्रो छ किनभने त्यहाँ राम्रो लगानीले गर्दा जनताको लागि सरकार र निजी संस्थाहरूद्वारा पूँजीगत खर्च गरिन्छ जसको लाभ जनतालाई प्रत्यक्ष वा अप्रत्यक्षरूपले भइरहन्छ। यहींनिर ध्यान दिनुपर्ने कुरा के हो भने जिडिपी वृद्धि देखाउने प्रदेशमा पनि उपलब्ध सुविधाहरूमा असमानता रहेको छ। साथै जुन प्रदेशमा लगानी कम हुन्छ त्यहाँ विकासको अवसर मात्र सदरमुकामका केही भागहरूमा सीमित रहन्छ। यसर्थ जिडिपी वृद्धिले समानता ल्याउँछ भन्ने छैन।

जिडिपी वृद्धि भए तापनि हाम्रो देशको मानव विकास सूचकाङ्क वैश्विक स्तरको तुलनामा अत्यन्त दयनीय छ। यदि हामीले आफ्नो नागरिकलाई राम्रो शिक्षा, स्वास्थ्य सुविधा, शुद्ध खानेपानी र सुरक्षित आवास दिइरहेका छैनौं भने जिडिपी वृद्धिको कुनै औचित्य रहँदैन। मानव विकास सूचकाङ्क २०१९ मा हामी १८९ देशमध्ये १४२ औं स्थानमा थियौं। यसमा हामी वैश्विक औसतभन्दा पनि तल छौं। जिडिपीमा केही वृद्धि भए पनि हाम्रो सामु धेरै चुनौती छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र सँगै 'सुखी नेपाली, समृद्ध नेपाल'को कल्पना गरिएको थियो तर राजनीतिक दलहरू भागबण्डाकै खेलमा अल्मलिएका छन्।

प्रायः सबै सरकारले प्रतिव्यक्ति आय र जिडिपी वृद्धिलाई प्रगतिको रूपमा पेश गर्ने गरेका छन् तर प्रगतिको सूचकको रूपमा यसलाई हेर्ने हो भने हामी पिछडिएको देखा पर्छौं। यदि प्रतिव्यक्ति आय र जिडिपी वृद्धिलाई महँगीको सन्दर्भमा हेर्ने हो भने यो वृद्धि मृग मरिचिका साबित हुन्छ। कैयनपटक नकारात्मक पक्षलाई जिडिपीद्वारा ढाक्ने प्रयास गरिन्छ। यससँगै प्रतिव्यक्ति आय, जुन जिडिपीद्वारा निर्धारित हुन्छ, त्यो औसत वृद्धि हो र वास्तविक प्रतिव्यक्तिलाई प्राप्त हुँदैन। जिडिपी वृद्धिबाट किसान र मजदूरलाई प्रत्यक्ष वा परोक्ष फाइदा हुन्छ वा हुँदैन भन्न सकिंदैन तर फाइदा भएको दाबी अवश्य गरिन्छ। वास्तविकता के हो भने यसको फाइदा केही खास वर्गले मात्र उपभोग गरिरहेको छ र किसान र मजदूरको शोषण बढेको छ। यद्यपि देशको जिडिपी वृद्धिमा किसान र मजदूरको सर्वाधिक योगदान हुन्छ तर उनीहरूको आय वृद्धि हुँदैन र देशको सन्तुलित विकास हुन पाउँदैन।

जिडिपी वृद्धिको निर्धारण मुख्यतया कृषि, उद्योग र सेवा क्षेत्रको विकासको आधारमा तय गरिन्छ। पछिल्लो केही वर्षमा जिडिपीमा जुन वृद्धि देखा परेको छ त्यो वस्तुतः सेवा क्षेत्रको प्रगतिमा टिकेको छ किनभने कृषि र उद्योगको क्षेत्रमा प्रायः थोरै प्रगति भएको छ। कृषिमा भएको वृद्धि नगदे बालीको उत्पादनमा निर्भर छ भने के मात्र सेवा क्षेत्रको प्रगतिलाई नै देशको सन्तुलित विकास भन्न मिल्छ ? देशको मध्यम र उच्च वर्गलाई ध्यानमा राखेर लगानीको अवसर, उद्योगको उत्पादन र कृषक खाद्यान्नको छनोटले पनि देशको सन्तुलित विकासमाथि प्रश्नचिह्न खडा गरेको छ। जिडिपीमा वृद्धि भइरहेको छ तर कर्पोरेट जगत सरकारी कज दबाएर बसेको छ। बैङ्कहरूले पनि देशलाई कुनै खासै फाइदा नहुने Non Performing Assets माथि बढी लगानी गरिरहेका छन्। एकातिर देशमा करोडपतिहरूको सङ्ख्या बढिरहेको छ भने अर्कोतिर देशको बहुसङ्ख्यक जनसङ्ख्या कम आयमा जीवनयापन गर्न बाध्य छ। ७.८ प्रतिशत नेपाली आज पनि भोको छ र कम आय भएका किसान र आम मानिस ऋणको भारले थिचिएका छन्।

कुनै पनि देशको सुख र समृद्धिसँग जिडिपीको कुनै सम्बन्ध छैन। खुशहालीको सूचकाङ्कमा हामी नेपाली तल छौं। युएनडिपीको ताजा प्रतिवेदनले के देखाएको छ भने क्यूबाजस्तो देशको जिडिपी तल छ तर उसको मानव विकास सूचकाङ्क धेरै माथि छ। यसबाहेक केही यस्ता देश छन्–जस्तै अमेरिका र मैक्सिको, जसको जिडिपी धेरै माथि छ तर मानव विकास सूचकाङ्क त्यति राम्रो छैन। यसैगरी केही यस्ता देश पनि छन्, जसको जिडिपी माथि छ र त्यहाँ असमानताको अनुपात त्यही मात्रामा बढी छ। कुनै देशको असमानताको अनुपात त्यो अनुपात हो जुन माथिल्लो स्तरका १० प्रतिशत मानिसको आम्दानी र तल्लो स्तरका १० प्रतिशत मानिसको आम्दानीको बीचमा हुन्छ। वर्तमानमा पूँजीवाद सम्पूर्ण विकासको मोडेलमा हाबी भएको छ। सम्पत्ति र संसाधन केही मानिसको हातमा सीमित हुँदै गएको छ र बहुसङ्ख्यक आबादीको सीमान्तीकरण भइरहेको छ। जिडिपी वृद्धि दरलाई असमानता घटाउनसँग कुनै सरोकार छैन। यस कारण निष्कर्षतः के भन्न सकिन्छ भने जिडिपी वृद्धि विकासको सम्पूर्ण द्योतक होइन तर विकासको लागि जिडिपी वृद्धि आवश्यक भने छ।

# अझै तीन दिन वर्षाको सम्भावना

काठमाडौं, ३१ असोज/रासस

भारतको आन्ध्र प्रदेश तथा उडिसाको तटीय क्षेत्र आसपास रहेको न्यून चापीय प्रणाली र विकसित हुँदै गरेको पश्चिमी वायु प्रणालीको संयुक्त प्रभावले नेपालमा बदली र वर्षा गराएको छ।



उक्त मौसमी प्रणालीको प्रभावले आगामी तीन दिनसम्म बदली र वर्षा हुनुका साथै केही स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

काठमाडौं उपत्यकासहित देशभर सामान्य बदली रहेको छ भने गएराति काठमाडौंसहित देशका पूर्वी भेगमा हल्कादेखि मध्यम वर्षा भएको छ। उपत्यकाको आकाशमा बिहानैदेखि कुहिरो लागेको छ। महाशाखाका अनुसार हाल प्रदेश नं १, प्रदेश नं २ र वाग्मती प्रदेशमा सामान्य बदली, गण्डकी र सुदूरपश्चिम प्रदेशमा आंशिकदेखि सामान्य बदली रही अन्य प्रदेशमा आंशिक बदली रहेको छ। दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रहने छ।

आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिनमा हाल प्रदेश नं १, २, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा कर्णाली प्रदेशका एक–दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

राति पनि देशभर सामान्य बदली रहनुका साथै सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानमा तथा प्रदेश १, प्रदेश नं २ र वाग्मती प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। देशका पश्चिमी उच्च पहाडी तथा हिमाली भूभागका एकदुई स्थानमा हल्कादेखि मध्यम र बाँकी हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको समेत सम्भावना छ।

सोमवार पनि देशभर सामान्यदेखि पूर्ण बदली रहने छ। सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानमा साथै प्रदेश १ र वाग्मती प्रदेशका केही स्थान तथा प्रदेश नं २ का थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना छ। सुदूरपश्चिम प्रदेशको एक–दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

देशका पश्चिमी उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम र बाँकी हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ। सुदूरपश्चिम प्रदेश को एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।

कात्तिक २ गते मङ्गलवार देशभर सामान्यदेखि पूर्ण बदली रहनुका साथै सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थान र प्रदेश १ र वाग्मती प्रदेशका केही स्थान तथा प्रदेश नं २ का थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ। उच्च पहाडी तथा हिमाली भेगमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ भने सुदूरपश्चिम प्रदेशको थोरै स्थान तथा प्रदेश नं १, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ।

दशैंका समय काठमाडौं उपत्यकासहित देशैभर मौसम सफा रही चर्को घाम लागे पनि दशैंको टीकाको दोस्रो दिन शनिवारदेखि काठमाडौंलगायत देशभर बदली र हल्का वर्षा भएको छ। काठमाडौंमा गएराति हल्का वर्षा भएको छ। महाशाखाको विवरणमा काठमाडौंमा ८.५ मिलिमिटर वर्षा भएको छ। सबैभन्दा बढी ओखलढुङ्गामा ५५ र ताप्लेजुङमा २३ मिलिमिटर वर्षा भएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# नदीजन्य पदार्थको ठेक्का हिमानी सप्लायर्सलाई

प्रस, निजगढ, ३१ असोज/

निजगढ नगरपालिकाले नदीजन्य पदार्थ दहत्तर बहत्तर उत्खनन, सङ्कलन, बिक्री वितरणका लागि लगाएको ठेक्का निजगढ नपाको हिमानी सप्लायर्सले पारेको छ।

निजगढ नपाले पहिलोपटक ईबिडिङमार्फत सोको ठेक्का सकारका लागि सूचना आह्वान गरेको थियो। उक्त सूचना आह्वान गरेसँगै दुईवटा ठेकेदार कम्पनीले ठेक्का सकार गर्न भन्दै ठेक्का भरेपछि हिमाली सप्लायर्स निजगढले मूल्य अभिवृद्धि करसहित १५ करोड २७ लाख ३ हजार ८६६ रुपैयाँ ११ पैसामा ठेक्का पारेको निजगढ नगरपालिकाले जनाएको छ।

विनोद साह निर्माण सेवा, कलैया, बाराले भरेको मूअकसहित उक्त ठेक्का रकमभन्दा ७७ लाख ६७ हजार ५९५ रुपैया ५० पैसा बढी रकममा हिमाली सप्लायर्सले ठेक्का पारेको निजगढ नपाका सूचना अधिकारी रविन घिमिरेले जानकारी दिए।

एक साताभित्र थप सबै प्रक्रिया पूरा गरी नगरपालिकाको कार्यसमितिको बैठक बसी ठेकेदारलाई काम गर्न अनुमति दिइने निनपाले जनाएको छ।

गत वर्षको बकैया, धन्सार खोलासहित थप तीनवटा चुरे क्षेत्रमा रहेको लाल–भक्तलाल खोला, बगर खोला, शक्ति खोला गरी कुल १ करोड ६१ लाख १ हजार ९६९ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरण गर्न निजगढ नगरपालिकाले मूअकबाहेक १२ करोड ८८ लाख १५ हजार ७५२ रुपैयाँ न्यूनतम अङ्क रकम तोकी सूचना प्रकाशित गरेको थियो।

राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिको स्थलगत अनुगमनपछि उक्त परिमाणलाई संशोधन गरी १ करोड ५६ लाख २२ हजार ६७८ क्यूफिटमा झारिएको थियो भने १२ करोड ४९ लाख ८१ हजार ४२४ रुपैयामा ठेक्का झरेको थियो। यस ठेक्कामार्फत नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरण गर्न निजगढ नपाले वन क्षेत्र, चुरे क्षेत्र र चुरे संरक्षित क्षेत्रभित्र कुनै जानकारी र सहमति नलिई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (आइइई) तयार गरेको भन्दै डिभिजन वन कार्यालय बाराले असहमति जनाउँदै आइरहेको छ। राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिले स्थलगत अनुगमन गरी परिमाण घटाए पनि यता वन कार्यालयको असहमति भने अझै कायमै रहेको छ।

जिल्ला अनुगमन समिति बाराको यही असोज ६ गते बसेको बैठकले प्रचलित कानूनको अधीनमा रही आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरेसँगै निजगढ नपाले ठेक्काको प्रक्रिया अघि बढाइ ठेक्का खोलेको हो।

वन कार्यालयको असहमतिका कारण तीनपटक ठेक्काको म्याद थप गर्नुपरेको थियो। वन क्षेत्रमा पर्ने नदी, खोलाहरूबाट जबरजस्ती नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गरे वन ऐन अनुसार कारबाही गर्ने डिभिजन वन कार्यालय बाराले सूचनासमेत जारी गरिसकेको छ।

# निजगढमा गुरु सम्मान कार्यक्रम

प्रस, निजगढ, ३१ असोज/

गौरीशङ्कर मावि निजगढ–८ का


तस्वीरः प्रतीक

२०५२ ब्याचका विद्यार्थीहरूले गत बिहीवार एक कार्यक्रम गरी गुरु सम्मान, शुभकामना तथा पुनर्मिलन कार्यक्रम गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि एवं नगरप्रमुख सुरेशकुमार खनालले गुरु सम्मानको यस कार्यले विशेष महत्त्व राख्ने बताउँदै सकारात्मक विचारलाई अनुसरण गर्दै अघि बढ्नुपर्ने बताए। गुरुहरूले देखाएको असल मार्गकै कारण विद्यार्थीहरूको जीवनमा सकारात्मक परिवर्तन हुने बताउँदै आफू पनि यसै विद्यालयका शिक्षकहरूको विद्यार्थी रहेको नगरप्रमुख खनालले बताए।

शिक्षकहरूका तर्फबाट पूर्वप्रधानाध्यापक सुदर्शनप्रसाद कोइरालाले आफूहरूले पढाएका विद्यार्थीहरूको प्रगति, उन्नतिले जुनै शिक्षकहरू खुशी हुने बताउँदै अझै प्रगति, उन्नति देख्न, सुन्न पाइयोस् भन्दै यस सम्मान कार्यको खुलेर प्रशंसा गरेका थिए। विद्यालयका शिक्षकहरू सुदर्शनप्रसाद कोइराला, रामकुमार शर्मा, नागेन्द्रप्रसाद साह, नागेश्वर कर्ण, हरिनारायणलाल कर्ण, बलराम ठाकुर, गङ्गाप्रसाद साह, गोरखबहादुर थापा, मधुमङ्गल कोइरालालाई सम्मानपत्र, नेपाली ढाका टोपी र गम्छाले सम्मान गरिएको थियो।

वक्ताहरूले प्रदेश नं २ मा निजगढ शिक्षाको हब बन्दै गइरहेकाले शिक्षालाई गुणस्तरीय प्राविधिक शिक्षातर्फ अघि बढाउनुपर्ने बताए। कार्यक्रमलाई स्वागत दीपेन्द्र श्रेष्ठले गरेका थिए। सो ब्याचका तिलकुमारी न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको सञ्चालन दिनेश शिवाकोटीले गरेका थिए।

# सबैया साझेदारी वनको भवन उद्घाटन

प्रस, पर्सागढी, ३१ असोज/

सबैया साझेदारी वन सबैयाको नवनिर्मित भवनको उद्घाटन प्रदेश वन निर्देशनालयका निर्देशक जगरनाथ



जैसवाल तथा साझेदारीका अध्यक्ष लखनलाल साहले संयुक्तरूपमा गरेका छन्। कार्यक्रममा जिल्ला वन कार्यालय पर्साका निमित्त प्रमुख फरमान मियाँ, जिल्ला वन अधिकृत रामपुकार यादव, बारा जिल्ला गढीमाई साझेदारी वनका अध्यक्ष गणेश साह, सबैया साझेदारी वन सबैयाका पूर्वअध्यक्ष सत्यनारायणदास थारू, सदस्य प्रेम साह कानूलगायतको सहभागिता थियो।

# आँखा स्वास्थ्य जनचेतना प्रदर्शन

प्रस, वीरगंज, ३१ असोज/

विश्व दृष्टि दिवसको अवसरमा वीरगंजमा आँखा स्वास्थ्य जनचेतना


तस्वीरः प्रतीक

प्रदर्शनी सम्पन्न भएको छ।

महानवमीको दिन वीरगंजको नगवा मेलामा केडिया आँखा अस्पताल परवानीपुरद्वारा आयोजित कार्यक्रमको उद्घाटन नेपाल नेत्र ज्योति सङ्घका केन्द्रीय उपाध्यक्ष श्यामकुमार पोखरेलले गरेका थिए।

प्रदर्शनीमा विभिन्न प्रकारका आँखाका समस्याबारे जनचेतना फैलाउने पोस्टर, पम्पलेट, फोटो तथा सामग्रीहरूको स्टल राखिएको थियो।

सोही अवसरमा एक हजार २५० वटा मास्क र पानी वितरण गरिएको थियो। प्रदर्शनी करीब एक हजार सर्वसाधारणले अवलोकन गरेको अस्पतालका प्रशासन प्रमुख प्रकाशकुमार वर्माले जानकारी गराए।

# ठोरी गाउँ सिङ्गार्दै युवाहरूले ठुटे पुलमा झन्डा फहराए

प्रस, ठोरी, ३१ असोज/

ठोरी गाउँपालिकाको हुलाकी सडकखण्डमा पर्ने १०२ मिटर लामो



तस्वीरः प्रतीक

ठुटेखोला पुलको १२ वटा स्थानमा युवाहरूले राष्ट्रिय झन्डा फहराएका छन्।

ठोरी गापा–२ का युवाहरूले सो स्थानमा राष्ट्रिय झन्डा गाडेका हुन्। ठोरी गापा–२ का सुदीप थापाको अवधारणा र संयोजनसहित छतेन्द्र आचार्य, धर्म विष्ट, धीर सिंह, सुमन लामा, उमेश गौतम, सफल बुढाथोकी, नारायण सिलवाल, विकल आचार्य र महेश पराजुलीले पुलमा झन्डा फहराएका थिए।

ठोरी ऐतिहासिक भूमि मात्र नभएर प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य, पर्यटन प्रवर्द्धनको आधार, सीमा विवादमा जितेको भूमि भएकोले राष्ट्र, राष्ट्रियताप्रति सकारात्मक सन्देश पुगोस् भन्ने उद्देश्यले राष्ट्रिय झन्डा फहराएको संयोजक सुदीप थापाले जानकारी दिए।

उनले भने, "हाम्रो समूहले समाजमा विभिन्न सामाजिक कार्य गर्दै आएको छ। ठोरी गापा–२ पीपलको चौतारामा सय मिटरको प्लास्टिक कोटेड एलइडी लाइट राखेका छौं। व्यक्तिगत र सामूहिकरूपमा गाउँका लागि केही नयाँ अवधारणा स्थापित गर्ने अभियानमा छौं।"



**टिप्ताला नाका :** समुद्र तहदेखि पाँच हजार २०० मिटर उचाइमा अवस्थित ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–७ टिप्ताला नाकामा आउजाउ गर्ने नागरिकलाई निगरानी गर्नका लागि चीनले निर्माण गरेको संरचना। तस्वीरः रासस

# करुवा उत्पादनमा युवा पुस्ता आकर्षित हुँदै

–कृष्ण दर्नाल

पाल्पा, ३१ असोज/रासस

पाल्पाली पहिचान बोकेका करूवा उत्पादनमा युवा पुस्ता आकर्षित हुँदै गएको छ।

सीप र पूँजीको अभावमा बिस्तारै लोप हुने अवस्थामा पुगेको पाल्पाली करूवाको उत्पादनमा पछिल्लो समय युवा पुस्ता आकर्षित हुँदै गएको हो।

पाल्पाली करूवा उद्योगको सीप नयाँ पुस्तामा हस्तान्तरण हुन थालेपछि यसको उत्पादनसमेत बढ्न थालेको छ।

करूवा बनाउने आवश्यक तालीम र यसको उद्योग सञ्चालनका लागि बीउ पूँजीलगायत सहयोग पाएपछि यहाँका युवा करूवा उत्पादनमा लागिपरेका छन्। तानसेन नगरपालिका, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र ग्रामीण आर्थिक विकास सङ्घ (रेडा)द्वारा सञ्चालित तालीम पाएपछि चारजना युवा मिलेर करूवा उद्योग स्थापना गरेका छन्।

तानसेनका नगरप्रमुख अशोककुमार शाहीले पाल्पाको पहिचान बोकेको करूवा लोप हुनबाट जोगाउन सीप, बीउ–पूँजी लगायत सहयोग गरिएको बताए। तानसेन नगरपालिकाले बेरोजगारी युवा छनोट गरी तालिम, बीउ–पूँजीलगायत कार्यक्रमपछि युवा पुस्ता अहिले करूवाको उत्पादनमा सक्रिय भएको छ। आवश्यक पूँजीको अभावमा करूवा व्यवसाय सञ्चालन गर्न नसकिरहेको अवस्थामा नगरपालिकाले यो व्यवसाय गर्न चाहने युवालाई बैंकबाट सहुलियत दरमा ऋण प्रदान गरी साना उद्योग स्थापनामा सहजीकरण गरेको नगरप्रमुख शाहीको भनाइ छ।

बगनासकाली गाउँपालिका–६ यम्घाका खिमबहादुर विश्वकर्मासहित चारजना साथी मिलेर तानसेन नगरपालिका–१ गैरागाउँमा करूवा उत्पादन गर्ने उद्योग स्थापना गरेका छन्। अहिले ती युवाद्वारा स्थापित उद्योगबाट काँचका करूवा, थाल, गिलासलगायत वस्तु प्रशस्त उत्पादन हुँदै आएको उनले बताए। १२ वर्ष विदेश बसेर फर्केका विश्वकर्मा स्वदेशमा केही काम गर्न पाउँदा उत्साहित भएका छन्। सीप, बीउ पूँजीलगायत सहयोग पाएपछि उद्योग स्थापना गरी काम गर्न थालेको उनले बताए।

कोरोना सङ्क्रमणको उच्च


तस्वीरः सौजन्य

जोखिमले उत्पादन र उत्पादित सामग्री बिक्रीमा केही समस्या आए पनि अब यसको बजार विस्तार हुने आशामा रहेको जनाइएको छ। तानसेनका पुराना करूवा व्यवसायी केशवमान बज्रचार्यले पाल्पाको पहिचान बोकेको करूवा चिनो रूपमा लैजाने चलन रहेको बताए। सीप, प्रोत्साहन तथा कच्चा पदार्थको अभावमा पाल्पाली करूवा उद्योग सङ्कटमा परेको थियो।

तानसेनको टक्सार टोलमा पहिले २५ भन्दा बढी करूवा उद्योग सञ्चालनमा रहेपनि पछिल्ला वर्षमा तीनवटामा सीमित भएको थियो। उद्योग कम हुँदा माग अनुसार करूवाको आपूर्ति हुन सकेको थिएन। करूवा बनाउने सीप सिक्न र उद्योग सञ्चालन गर्न इच्छुक व्यक्ति छनोट गरी तीन महीना तालीम दिइएको थियो। तालिमपछि कोही व्यक्तिगत र कोही सामूहिकरूपमा करूवा उत्पादन गरिरहेका छन्। पाल्पाली हस्तकलाबाट निर्मित करूवाको अभाव अहिले हटेको ग्रामीण आर्थिक विकास सङ्घ (रेडा)का कार्यकारी निर्देशक लीलाबहादुर कार्कीले बताए।

पाल्पाको तानसेनमा नेवार, विश्वकर्मा जातिमा मात्र करूवा उत्पादन गर्ने सीप छ। करूवा उत्पादन गर्ने सीप अन्य जाति तथा समुदायमा हस्तान्तरण हुन सकेको छैन। सामाजिक र सांस्कृतिक समस्याका कारण अन्य जातिमा यो सीप पुस्तान्तरण हुन सकेको छैन। पाल्पाली करूवाको आठ दशकदेखिको इतिहास छ। कार्यकारी निर्देशक कार्कीका अनुसार सीप हस्तान्तरण हुन नसक्दा देश–विदेशमा प्रख्याति कमाएको पाल्पाली करूवा अहिले सङ्कटमा छ। कच्चा पदार्थ र कामदार नपाउनु उद्योगको अर्को समस्या भएको उनको भनाइ छ। "अन्यत्र मेशिनले बनाउँछन्"–उनले भने–"यहाँका उद्योगमा हातैले बनाइन्छ र कुँदिन्छ।"

उद्योगी उत्तमकुमार बज्राचार्यका अनुसार करूवा उत्पादनका लागि आवश्यक पर्ने कच्चा धातुको अभाव छ। काम गर्ने कामदार पाइँदैन। "सबै विदेश जान चाहन्छन्"–उनले भने–"यहाँ काम गर्न कोही खोज्दैन।" पाल्पाली ब्रान्डेड करूवा बनाउन कोइला, काँच, तामा र मैन आवश्यक पर्छ। जिल्लामा कच्चा सामग्री नै पाइँदैन। कोइला वनमा पोल्न समस्या छ। भारतबाट समेत कच्चा पदार्थ आउन नसक्दा करूवा उद्योग सङ्कटमा परेको गुनासो उद्योगीको छ।

साढे दुई सय वर्ष अघि भक्तपुरबाट बसाइँ सरेर तानसेनको टक्सारटोलमा आई धातुका मुद्रा बनाउन शुरू भएको इतिहास पाइन्छ। पछि गएर करूवा र अन्य सामान तयार हुँदै आएका छन्। यहाँ उत्पादित करूवा जापान, अमेरिका, बेलायत, थाइल्यान्डलगायत देश पुग्छ। बाह्य पर्यटक मात्र होइन, आन्तरिक पर्यटकका लागि पनि करूवाले आकर्षण थपेको छ। जोकोही एकपटक पाल्पाली करूवा उत्पादन गर्ने उद्योग पुग्ने गर्छ। यहाँका शाक्य, बज्राचार्यहरू करूवा उत्पादन गर्छन्। पछिल्लो समय ३ हजार ५ सयदेखि १० लाख ५० हजार मूल्य पर्ने करूवा बनिरहेका छन्। युवा पुस्तालाई करूवा उद्योगमा टिकाइ राख्न सके यो उद्योगको संरक्षणमा टेवा पुग्ने विश्वास स्थानीय व्यवसायीको छ।

## अन्तर्राष्ट्रिय समाचार

# वर्षा र बाढीबाट भारतमा १८ जनाको मृत्यु, दर्जनौं बेपत्ता



भारतको केरला राज्यमा बाढीबाट राहत दिन राहतकर्मीका डफ्फा । फोटो : रायटर

नयाँ दिल्ली ३१ असोज/सिन्हवा

भारतको दक्षिणी केरला राज्यमा शनिवारको अविरल वर्षा र बाढीका कारण कम्तीमा पनि १८ जनाको ज्यान गएको छ । अरू दर्जनौं व्यक्ति बेपत्ता भएका छन् । बाढीका कारण कतिपय स्थानमा भीषण पहिरो गएको छ । पहिरोमा परेर दर्जनौं व्यक्ति बेपत्ता भएका बताइएको छ । दक्षिणी राज्य केरलाका इदुकी र कोट्याम जिल्लामा बाढी र पहिरोको प्रकोप देखा परेको प्रहरीले जनाएको छ ।

कोट्याम जिल्लामा बाढीले बढी क्षति पुऱ्याएको यहाँको स्थानीय पत्रिका हिन्दुस्तान टाइम्सले जनाएको छ । बाढीमा परेर मृत्यु भएका र हराएकामध्ये अधिकांश सो जिल्लाका रहेका छन् । यहाँ आइतवार बिहानसम्म पनि वर्षा जारी रहेको छ ।

बाढीका कारण कतिपय स्थानीय सडक अवरुद्ध भएका छन् ।

मौसम विज्ञान विभागका अधिकारीहरूले आइतवार पनि वर्षा कायमै रहने बताएका छन् । रासस

# बेलायतमा एकै दिन ४० हजार कोरोना सङ्क्रमित



निरन्तर कोभिड–१९ खोपका कारण भारतमा कोभिड–१९ को घट्दो अवस्था । फोटो : एजेन्सी

नयाँ दिल्ली ३१ असोज/एएनआई

पछिल्लो एक दिनमा भारतमा १४ हजार १४६ जना कोरोना भाइरसका सङ्क्रमित थपिएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी दिएको छ ।

यो सङ्ख्या २२९ दिन यताको सबभन्दा कम भएको पनि सो मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार भारतमा पछिल्लो एक दिनमा १९ हजार ७८८ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिलेसम्म कोरोना मुक्त सङ्ख्या तीन करोड ३४ लाख १९ हजार ७४९ पुगेको सो मन्त्रालयले जनाएको छ । यहाँ हाल ९८.१० प्रतिशत व्यक्ति कोरोना भाइरसबाट मुक्त भएका छन् ।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या भने १ लाख ९५ हजार ८४६ पुगेको अधिकारीले जनाएका छन् । यो सङ्ख्या २२० दिन यताको सबभन्दा कम भएको समाचारमा जनाइएको छ । योसँगै भारतमा कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ४० लाख ६७ हजार ७१९ पुगेको छ । योसँगै भारतमा कोरोना शुरू भएयता अहिलेसम्म कुल चार लाख ५२ हजार १२४ जनाको कोरोना भाइरसका कारण मृत्यु भएको छ ।

**बेलायतमा एकै दिन ४० हजार कोरोना सङ्क्रमित**

लन्डन/सिन्हवा

बेलायतमा शनिवार चौथो दिनसम्म पनि कोरोना भाइरसका ४० हजारभन्दा बढी सङ्क्रमित भेटिएका छन् । कोरोना भाइरसको सङ्क्रमण घट्न नसकेको देखिएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । यहाँ गएको २४ घण्टामा अर्थात शनिवार ४३ हजार ४२३ जनामा यो सङ्क्रमण देखिएको छ । यो समेतगरी यहाँ चौथो दिनसम्म पनि ४० हजारभन्दा बढी सङ्क्रमित पाइएका हुन् ।

पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको छ । बेलायतका स्वास्थ्य अधिकारीहरूले सरकारी प्रयासका बावजूद कोरोनाबाट हुने सङ्क्रमणमा दैनिक कमी नआएको बताएका छन् । अधिकारीहरूले बेलायतमा अहिलेसम्म सङ्क्रमित हुनेको सङ्ख्या ८४ लाख ४४ हजार नाघेको पनि जनाएका छन् । यहाँको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिए अनुसार यहाँ पछिल्लो २४ घण्टामा कोरोना भाइरसका कारण १४८ जनाको मृत्यु भएको छ ।

यहाँका स्वास्थ्य अधिकारीले यहाँ धेरै समयपछि मृत्यु हुनेको सङ्ख्या पनि बढ्न थालेको बताएका छन् । योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण एक लाख ३८ हजारभन्दा बढीको मृत्यु भएको छ । बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये करीब सात हजारजना अझै अस्पतालमैं उपचाररत छन् ।

बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले पछिल्ला दिनहरूमा बेलायतमा कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएको देखिएको भन्दै थप सतर्क रहन आग्रह गरेका छन् । रासस

# संयुक्त राष्ट्रसङ्घद्वारा युद्धविरामको स्वागत

संयुक्त राष्ट्रसंघ ३१ असोज/सिन्हवा

संयुक्त राष्ट्रसंघले सेन्ट्र अफ्रिकन रिपब्लिक सरकारले एकतर्फी रूपमा जारी गरेको युद्धविरामको स्वागत गरेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले हिंसाग्रस्त सो देशको सरकारले यहाँ एकतर्फी रूपमा शुक्रवार युद्धविराम गरेको छ ।

यहाँको सरकारले एकतर्फी रूपमा गरेको युद्धविरामको स्वागत गर्दै अर्को पक्षलाई पनि वार्ताको टेबलमा बस्न तथा शान्तिपूर्ण रूपमा समाधान खोज्न महासचिव गुटेर्रेसले आग्रह गरेका छ । उहाँले मध्य अफ्रिकी यस देशका सबै पक्षलाई यहाँ शान्तिपूर्ण वार्ताका माध्यमबाट राजनीतिक समाधान खोज्न आग्रह गरेका छ । रासस

# ३ सय क्यूफिट काठ नियन्त्रण

प्रस, निजगढ, ३१ असोज/

चाडपर्व नजीकिँदै गर्दा र चाडपर्वका बेलामा पनि बारामा अवैधरूपमा काठ चोरी तस्करीका गिरोह सक्रिय रहेका छन् ।

बुधवार राति करीब २ बजे निजगढ नगरपालिकाको सिगौलबाट निजगढतर्फ आइरहेको ना.५च १६७२ नम्बरको म्याजिक भ्यानलाई शङ्का लागि वन सुरक्षा गस्ती टोलीले राजमार्गको निजगढमा चेकजाँच गर्दा करीब ५० क्यूफिटभन्दा बढी सालको चिरान काठसहित भ्यान नियन्त्रणमा लिएको छ ।

वन सुरक्षा गस्ती टोलीले रोक्ने बित्तिकै सो भ्यानका चालक साँचो लिएर फरार भएको वन कार्यालयले जनाएको छ । त्यसैगरी, करीब तीन साताअघि बाराको जीतपुरसिमरा उपमहा नगरपालिका–१६ टाँगियाबस्तीनजीकैको वन क्षेत्रबाट २५ थान सालको हरियो गोलिया तामागढी सबडिभिजन वन कार्यालय निजगढको गस्ती टोलीले बरामद गरेको हो ।

टाँगियाबस्तीको पूर्वतर्फको राष्ट्रिय वन क्षेत्रमा दुईवटा हरियो सालको रूख ढाली गोलिया लैजान ठीक्क पारिएको अवस्थामा तत्काल १० वटा गोलिया र बाँकी रहेको रुखलाई १५ वटा गिन्डा बनाएको अवस्थामा वन कार्यालयले




नियन्त्रणमा लिएको थियो ।

वन क्षेत्र सुरक्षाका लागि जिल्लाका विभिन्न नाकामा सशस्त्र वन सुरक्षाकर्मीलाई तैनाथ राखिएको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले जानकारी दिए ।

पछिल्लोपटक ना.३स ९४७० नम्बरको अटोमा लोड सालको चिरान काठसहित निजगढ नगरपालिकाको सिगौलबाट नै अटो नियन्त्रणमा लिइएको थियो । टाँगियाबस्ती, सिगौल, ककरी, कोल्हवीलगायत आसपासका वन क्षेत्रमा काठ चोरी तस्करीका घटनाबाट एक महीनायता हालको बजार मूल्य अनुसार १२ लाखबराबरको तीन सय क्यूफिटभन्दा बढी सालको चिरान काठ, गोलिया नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय बाराले जनाएको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

**'विकासको लागि सहकार्य गरौं'**

वीरगंजको विकास, जनताको चाहना, यसले साकार रूप पाउनेछ, जब जाग्छ साझेदारीको भावना ।

पूर्वाधार विकासको लागि महानगरसँग सार्वजनिक–निजी साझेदारी अभियानमा सहभागी बनौं ।

**वीरगंज महानगरपालिका**

**जीराभवानी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सेढवा, पर्सा
प्रदेश नं २, नेपाल

## करारमा शिक्षक पदपूर्ति गर्नेसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०७८/०७/०१ गते)

यस जीराभवानी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा निम्न बमोजिमको शिक्षक करार सेवामार्फत पदपूर्ति गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले १५ (पन्ध्र) दिनभित्र तल उल्लिखित कागजात र राजस्व बुझाएको रसीद संलग्न राखी यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | तह | दरबन्दीको किसिम | विषय | माग सङ्ख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | १/२०७८/०७९ | प्रावि | साधारण | – | ८ (आठ) | प्रमाणपत्र तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |
| २. | २/२०७८/०७९ | प्रावि | राहत | – | २ (दुई) | प्रमाणपत्र तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |
| ३. | ३/२०७८/०७९ | प्रावि | राहत महिला | – | १ (एक) | प्रमाणपत्र तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |
| ४. | ४/२०७८/०७९ | निमावि | राहत | नेपाली | १ (एक) | सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |
| ५. | ५/२०७८/०७९ | निमावि | राहत | सामाजिक | १ (एक) | सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |

१. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू: नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सम्पूर्ण आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, तीनप्रति हालसालै खिचेको फोटो ।
२. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३. दरखास्त फाराम पाइने र बुझाउने स्थानः जीराभवानी गाउँपालिकाको कार्यालय, सेढवा, पर्सा ।
४. दरखास्त दस्तुरः निमावि तहको लागि रु १५००/– (एक हजार पाँच सय मात्र) र प्राविको लागि रु. १०००/– (एक हजार मात्र) ।
५. दरखास्त दस्तुर बुझाउने स्थानः यस कार्यालयको एनआइसी एशिया बैंक, जगरनाथपुर शाखा, पर्सामा रहेको आन्तरिक राजस्व खाता नं. २३१२०५००२७९८४००२ मा रकम जम्मा गरिएको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
६. दरखास्त बुझाउने अन्तिम मितिः २०७७/०७/१५ गतेसम्म ।
७. सेवा तथा सुविधाहरू: प्रचलित कानूनबमोजिम हुनेछ ।
८. करार अवधिः करार अवधि १ (एक) वर्ष हुनेछ ।
९. छनोटको तरीकाः लिखित परीक्षा र अन्तर्वार्ता ।
१०. लिखित परीक्षाको मिति, समय र स्थानः पछि प्रकाशित गरिनेछ ।
११. लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले शिक्षक छनोटको लागि तोकिएको सम्बन्धित तहको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ ।
१२. रीत नपुगी वा म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाई गरिनेछैन । कुनै उम्मेदवारले झूटो विवरण (कागजात) पेश गरेको भनी परीक्षाभन्दा अगावै वा परीक्षापछि जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको परीक्षा वा नियुक्त रद्द गरी कानूनबमोजिम कारबाई गरिनेछ ।

नोटः दरखास्त फाराम, पाठ्यक्रम यस कार्यालयको वेबसाइट www.jirabhawanimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# जसपालाई एक ढिक्का बनाएर लैजान्छु –सांसद यादव

प्रस, वीरगंज, ३१ असोज/

जनता समाजवादी पार्टीका नेता एवं सङ्घीय सांसद प्रदीप यादवले पार्टीलाई आगामी दिनमा विगतझैं एक ढिक्का बनाएर लैजाने प्रतिबद्धता व्यक्त गरेका छन्। वीरगंजमा आइतवार दशैं, तिहार तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा उनले पार्टीभित्र र बाहिर अनेक भ्रमका खेतीपाती भए तापनि आफू पार्टीभित्रै सङ्घर्ष गरेर पार्टीलाई एक ढिक्का बनाएर लैजाने बताए। उनले पार्टीभित्रै सङ्घर्ष गरी नेतृत्व पङ्क्तिलाई सघाउने प्रतिबद्धता जनाए।

"२०६४ सालदेखि यो पार्टीलाई पर्सामा खडा गरेको छु, यो पार्टी मेरोलागि घर हो, नेता, कार्यकर्ता इँटा, सिमेन्ट र छड हुन्," उनले भने, "केही राजनीतिक दलका नेताहरूले भनिरहेका छन्, प्रदीप यो पार्टीमा गइरहेका छन्, त्यो पार्टीमा गइरहेका छन्, तर ती सबै भ्रम छर्ने कुरा मात्र हुन्।"





तस्वीरः प्रतीक

उनले आजको कार्यक्रममा जिल्लाकै पार्टीभित्रका केही नेताले नेता, कार्यकर्तालाई कार्यक्रममा नआउन फोनसमेत गरेको र रातभरि त्यो समूह जाग्राम नै बसेर कार्यक्रम प्रभावित पार्ने षड्यन्त्र गरेकामा उनीहरू विफल भएको बताए। उनले पार्टी अध्यक्षको बारेमा बोल्ने अन्य नेताहरूलाई मुखमैं जवाफ फर्काउने गरेको तर आफ्नै पार्टीमा चार वर्ष पहिले आएका नेताहरूले मौन बस्नु दुःखद कुरा भएको पनि बताए।

उनले भने, "हाम्रै नेता तथा जनप्रतिनिधि अहिले अरू पार्टीको पञ्चायतीमा बसिरहेका छन्, मोटरसाइकलमा घुमिरहेको फोटो छ," उनले भने, "जसपा पहिले पनि काङ्ग्रेस र कम्युनिस्ट पार्टीभन्दा न कमजोर थियो, न भविष्यमा हुनेछ," उनले भने, "जसपाबाट पर्साले मन्त्री नपाएपछि केही युवा विद्यार्थीले पुतला दहन गरे, त्यो शैली राम्रो होइन, तर आफ्नै युवा विद्यार्थीहरूलाई सम्झाउनुभन्दा कारबाई गर्नेतर्फ केही नेताहरूको ध्यान छ, त्यो गलत हो, सच्चिएर हिंड्नुपर्छ।" उनले जसपाका नेता, कार्यकर्ताले एकजुट भएर काम गर्दै गएमा आगामी दिनमा पार्टीले पर्साका नेता, कार्यकर्तालाई अवश्य मूल्याङ्कन गर्ने बताए।

"पर्साले मन्त्रालय नपाएकोमा मलाई अध्यक्षसँग केही भन्नु छैन, तर हामीले आजको कार्यक्रमबाट एकताको सन्देश दिएर अघि बढ्नुपर्छ," उनले भने, "पार्टीको हितविपरीत काम गर्ने बहुरुपिया नेताहरू आफैं पाखा लाग्छन्।"

पार्टीका क्षेत्रीय प्रतिनिधि घनश्यामबाबू साहको अध्यक्षता तथा वीरगंज नगर अध्यक्ष ईश्वरचन्द्र यादवको सहजीकरणमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्यहरू मोहनलाल चौधरी र टेकबहादुर शाक्य, प्रदेश सांसद जन्नत अन्सारी, अञ्जु यादव, जिल्ला समन्वय समिति पर्साका सभापति नेकमहमद अन्सारी, पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुन, पार्टीका नेता जरी लामालगायत १४ स्थानीय तहका वडास्तरबाट निर्वाचित जनप्रतिनिधि तथा नेता, कार्यकर्ताहरूको सहभागिता थियो।

**प्रकृति सकिए जीवन सिद्धिन्छ।**

**त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।**

**वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं।**

नेपाल सरकार

विज्ञापन बोर्ड

Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## सम्पत्ति विवादमा भाइको मृत्यु

राजेश केशरीवाल, रक्सौल, ३१ असोज/

भारत बिहार रक्सौल प्रखण्डस्थित सिसवा पञ्चायतमा दुईजना सहोदर दाजुभाइबीच सम्पत्ति बाँड्नका लागि भएको विवादमा भाइको मृत्यु भएको छ।

गत दुई दिनदेखि दुवै भाइबीच सम्पत्ति बाँड्नका लागि विवाद बढेको थियो।

विवाद बढ्दा आइतवार भएको झडपमा बाँसले प्रहार गर्दा दिना यादवको मृत्यु भएको हो। घटनामा संलग्न मृतकका दाइ जोखु राय, भैरव राय, बद्री राय, सन्तोष, रविता आदि फरार रहेको र उनीहरूको खोजी कार्य भइरहेको प्रहरीले बताएको छ। शवलाई शल्यपरीक्षणका लागि मोतिहारी पठाएको प्रहरीले जनाएको छ।

### रक्सौलमा एकतर्फीरूपमा.....

बाटा चोकदेखि नहरसम्म कस्टमतर्फबाट चार पाङ्ग्रे सवारीसाधनको प्रवेशमा रोक लगाइएको छ भने वैकल्पिक सडकको रूपमा स्टेशन रोड हुँदै ब्लक रोड प्रयोगमा ल्याउन आदेश पारित गरिएको छ।

चाडपर्वको बेला शहरमा निकै जाम हुन सक्ने सम्भावना हुँदा व्यापारीहरूको निवेदनमा उक्त निर्णय गरिएको डिएम अशोकले जानकारी गराए।

# खेलकूदको संसार

## पोखरियामा अन्तर्राष्ट्रिय कुश्ती: थापालाई हेर्न दर्शकको ओइरो

प्रस, पोखरिया, ३१ असोज/

नवदुर्गा पूजा समिति, पोखरियाको आयोजनामा पोखरियामा नेपाल–भारत स्तरको अन्तर्राष्ट्रिय कुश्ती प्रतियोगिता सम्पन्न भएको छ।

विजयादशमीको अवसरमा असोज ३० गते पूजा समितिको संयोजनमा यो प्रतियोगिता आयोजना भएको हो। प्रतियोगिताको उद्घाटन प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले गरेका थिए।





तस्वीरः प्रतीक

नेकाका प्रदेश २ का संसदीय दलका नेतासमेत रहेका मन्त्री यादवले नेपाल–भारतबीचको यस्तो विशाल कुश्ती प्रतियोगिताले दुवै देशको सम्बन्ध प्रगाढ बनाउने र लोप हुँदै गएको कुश्ती खेलप्रति सर्वसाधारणको आकर्षण बढाउने विश्वास व्यक्त गरे। उनले कुश्ती खेल विभेदमा परेकोले खेलाडीहरूको दुरवस्था भएको र आगामी दिनमा स्थानीय, प्रदेश र केन्द्र सरकारले कुश्ती खेलाडीको स्वास्थ्य, रोजगार तथा तलबभत्ताको सुविधा उपलब्ध गराउनुपर्ने नीति लिएर अघि बढ्नुपर्ने सुझाव दिए।

प्रतियोगितामा नेपालका लोकप्रिय पहलमान वसन्त थापा, पारस थापा, बलिराम थापा, सुमीत साह, जयमङ्गल यादवलगायत र भारत बनारसका गोपी पहलमान, पारस पहलमान, पञ्जाबका आशिष पहलमान, सन्दीप पहलमान, गोरखपुरका निरञ्जन पहलमान, आगराका अवधेश पहलमानलगायत सयजना खलिफाबीच ४० जोर कुश्ती प्रतियोगिता भएको थियो।

जिल्ला उच्चाङ्गल रामदेव कलवार नमूना मावि पोखरिया परिसरमा आयोजित प्रतियोगितामा कुश्ती हेर्न पोखरिया, कालिकामाई, छिपहरमाई, धोबिनी, जगरनापुर गाउँपालिकालगायत, बारा, वीरगंज र भारतको बिहार क्षेत्रबाट हजारौंको सङ्ख्यामा दर्शकहरू आएका थिए।

मेला संयोजक एवं वडा नं ४ का अध्यक्ष लक्ष्मण साह कानूको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथिहरू प्रदेश २ का जलस्रोत तथा ऊर्जा सिंचाइमन्त्री ओमप्रकाश शर्मा, नेका पर्साका सभापति अजय द्विवेदी, संविधानसभा सदस्य राजकुमार गुप्ता, प्रद्युम्न चौहान, रामेश्वर रौनियार, नगरप्रमुख दीपनारायण रौनियारलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत उपप्रमुख सलमा खातुनले गरेकी थिइन्।

## नकआउट फूटबलको उपाधि सुवर्ण निर्मल समाज क्लबको पोल्टामा

प्रस, ठोरी, ३१ असोज/

समाजसेवी स्व रामबहादुर श्रेष्ठ गोल्डकप राष्ट्रिय नकआउट फूटबल प्रतियोगिताको उपाधि सुवर्ण निर्मल समाज युवा क्लब मिलचोकले हात पारेको छ।

असोज २८ गते भएको प्रतियोगितामा सुवर्ण युवा क्लब ठोरी–५ लाई १–० गोलअन्तरले पराजित गर्दै मिलचोक विजयी भएको हो। विजेता टीमले रु २ लाख नगद, ट्रफीसहित प्रमाणपत्र प्राप्त गरेको छ।






तस्वीरः प्रतीक

उपविजेता सुवर्ण युवा क्लबले नगद रु १ लाख, ट्रफी तथा प्रमाणपत्र प्राप्त गरेको छ। उत्कृष्ट खेलाडी घोषित भएका मिलचोकका फोफोना फोर्डले नगद रु २० हजार, सर्वाधिक गोलकर्ता वीरगंज युनाइटेडका कृपाकान्त चौधरीले चाँदीको जुत्ता, उत्कृष्ट गोलकीपर सुवर्णपुरका अशोक बरालले नगद रु १० हजार प्राप्त गरेका थिए।

पुरस्कार वितरण कार्यक्रमको उद्घाटन प्रदेश २ का खानेपानी तथा ऊर्जामन्त्री ओमप्रकाश शर्माले गरेका थिए। कार्यक्रममा प्रदेश २ का सांसद तथा नेपाली काङ्ग्रेसका नेता शङ्करप्रसाद चौधरीले गोल्डकपका लागि रु ३ लाख ५० हजारको चेक हस्तान्तरण गरेका थिए।

कार्यक्रममा ठोरी गापाको विकासमा योगदान पुऱ्याएका व्यक्तिहरू, अनाथ आश्रमका सञ्चालक आसबहादुर गुरुङ, विजयबस्ती माविका पूर्वप्रअ कालीन गदी, टिच फर नेपालका शिक्षक कुमोद साह, ठोरीका सगरमाथा आरोही हरेराम खड्का, मिस तामाङ कोपिला स्याङ्बो, गायक निमा रूम्बा र बाबा पाखिन, विजयबस्ती माविका पूर्वविद्यार्थी डा छिरिङ स्याङ्बोलगायतलाई सम्मान गरिएको थियो। साथै गोल्डकपलाई १० हजारभन्दा धेरै आर्थिक सहयोग गर्ने सहयोगी संस्था तथा व्यक्तिहरूलाई मायाको चिनो प्रदान गरिएको थियो।

आयोजक समितिका अध्यक्ष झलकमान श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा ठोरी गाउँपालिकाका अध्यक्ष पद्मलाल श्रेष्ठ, नेकाका नेता बृहस्पतिकृष्ण श्रेष्ठ, रमेश पाण्डे, श्रीकान्त यादव, तत्कालीन ठोरी गाविसका पूर्वअध्यक्ष लालबहादुर श्रेष्ठ, समाजसेवी रामबहादुर श्रेष्ठ, राष्ट्रिय बीमा संस्थानका पूर्वकर्मचारी पद्मबहादुर श्रेष्ठलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत आयोजक समितिका सन्तोष श्रेष्ठले गरेका थिए।

## चाडपर्वमा दुर्घटना, तीनजनाको मृत्यु

प्रस, निजगढ, ३१ असोज/

निजगढ नपा–१३ डमरपुरस्थित शक्ति झरनामा नुहाएर फर्कने क्रममा गत बुधवार साँझ मोटरसाइकल दुर्घटना हुँदा एकजनाको घटनास्थलमा नै ज्यान गएको थियो।

मृत्यु हुनेमा वीरगंज महानगरपालिका–२७ का २४ वर्षीय शोभितलाल यादव रहेको इलाका प्रहरी कार्यालय निजगढले जनाएको छ। प्रदेश २–०३–०१४ प ४५९१ नम्बरको मोटरसाइकल सडकछेउको रूखमा ठोकिंदा सो दुर्घटना भएको इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक शङ्करप्रसाद चौधरीले जानकारी दिए।

उक्त मोटरसाइकलमा तीनजना सवार रहेकामा दुईजनाको अवस्था सामान्य रहेको निजगढ प्रहरीले जनाएको छ।

त्यसैगरी, सोही दिन दिउँसो निजगढ–कोल्हवी सडकखण्डको भीम सखुवानजीकै राति ९:१५ बजे निजगढबाट कोल्हवीतर्फ जाँदै गरेको बा.११च ४५११ नम्बरको कारले कोल्हवीबाट निजगढतर्फ आइरहेको ना.५९प १२७० नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकलमा सवार दुईजनाको घटनास्थलमा नै ज्यान गएको इलाका प्रहरी कार्यालय कोल्हवीले जनाएको छ।

मृत्यु हुनेमा कोल्हवी नपा–२ का ३८ वर्षीय पेमादोर्जे घिसिङ र सोही ठाउँका ४० वर्षीय डेनी स्याङ्तान रहेका छन्।

कार चालक कोल्हवी नपा–२ का ४५ वर्षीय बद्री अधिकारीलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

कारमा सवार तीनजना भने सामान्य घाइते भएका थिए। मोटरसाइकल आफ्नै साइडमा रहे पनि कारले विपरीत दिशामा गई ज्यानै जाने गरी ठक्कर दिएको भन्दै पीडित परिवारलगायत एकथरी गाउँले समूहले कोल्हवीमा विरोध गर्दै सडकसमेत अवरुद्ध पारेका थिए।